# आकाशवाणी समाचार- नेपाली

मितिः १२ फरवरी २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले पेरिसमा आयोजित एआई एक्सन समिटमा कृत्रिम बुद्धिमत्ताबाट सम्पूर्ण मानवताले लाभ उठाउन विश्वव्यापी सहयोगको आवश्यकतामा जोड दिनु भएको छ।

- केन्द्रीय गृहमन्त्री अमित शाहले सीमा सुरक्षा बल (BSF) लाई उन्नत प्रविधि प्रयोग गरेर सीमा सुरक्षा ग्रिडलाई बलियो बनाउन र घुसपैठलाई पूर्ण रूपमा हटाउन निर्देशन दिनु भएको छ।

- प्रयागराजमा आज महाकुम्भ स्नान भइरहेको छ।

- १४ औं भारत-फ्रान्स सीईओ बैठकमा, विदेश मन्त्री डा. एस. जयशंकरले डिजिटल युगमा विश्वास र पारदर्शिताको महत्त्वमा जोड दिनु भयो।

- ढाडको चोटका कारण तेज गतिका बलर जसप्रीत बुमराहलाई आईसीसी च्याम्पियन्स ट्रफीका लागि भारतीय क्रिकेट टोलीमा समावेश गरिएको छैन।

**प्रधानमन्त्री मोदी-एआई शिखर सम्मेलन**

प्रधानमन्त्री नरेन्द्र मोदीले पेरिसमा आयोजित एआई एक्सन समिटमा कृत्रिम बुद्धिमत्ताबाट सम्पूर्ण मानवताले लाभ उठाउन विश्वव्यापी सहयोगको आवश्यकतामा जोड दिनु भएको छ। फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनसँग शिखर सम्मेलनको सह-अध्यक्षता गर्दै, उहाँले एआई मोडेलहरूमा निहित पूर्वाग्रहहरू विरुद्ध सावधानी अपनाउँदै एआईको रूपान्तरणकारी शक्तिमाथि जोड दिनु भयो।प्रधानमन्त्रीले एआई फाउन्डेसन र दिगो एआई परिषद् स्थापना गर्ने निर्णयको प्रशंसा गर्नुभयो र यी प्रयासहरूलाई अगाडि बढाएकोमा राष्ट्रपति इमानुएल म्याक्रोनलाई बधाई दिनुभयो। एक प्रमुख घोषणामा, प्रधानमन्त्रीले भन्नुभयो भारत अर्को एआई एक्सन समिट आयोजना गर्न तयार छ। यसले सबैको हितका लागि एआईको भविष्यलाई आकार दिने भारतको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।आफ्नो उद्घाटन भाषणमा, प्रधानमन्त्री मोदीले एआईले अर्थतन्त्र, सुरक्षा र समाजलाई अभूतपूर्व गतिमा पुनर्गठन गरिरहेको छ, जसले गर्दा यसको सामूहिक शासन आवश्यक बनेको विचार साझा गर्नु भयो। प्रधानमन्त्रीले स्वास्थ्य सेवा, शिक्षा र कृषि क्षेत्रहरूमा सुधारहरूमा कृत्रिम बुद्धिमत्ताको सम्भावनाको उल्लेख गर्नुभयो। उहाँले खुला स्रोत एआई प्रणाली, निष्पक्ष डेटा सेट, र स्थानीय पारिस्थितिक प्रणालीमा आधारित एआई-संचालित समाधानहरूको वकालत गर्नु भयो। आर्टिफिसियल इन्टेलिजेन्सको आगमनका कारण रोजगारी खतराको बारेमा चिन्ता व्यक्त गर्दै उहाँले इतिहासले प्राविधिक प्रगतिले नयाँ रोजगारीका अवसरहरू सिर्जना गरेको देखाएको बताउनु भयो।

****** ० ******

**शाह-जम्मू-कश्मीर बैठक**

केन्द्रीय गृहमन्त्री अमित शाहले सीमा सुरक्षा बल (BSF) लाई उन्नत प्रविधि प्रयोग गरेर सीमा सुरक्षा ग्रिडलाई बलियो बनाउन र घुसपैठलाई पूर्ण रूपमा हटाउन निर्देशन दिनु भएको छ। सीमा सुरक्षा ग्रिडलाई सुदृढ पार्न घुसपैठका अवरोधहरू, कडा निगरानी प्रणाली, गुप्तचर निकायहरूको सतर्कता र राज्य तथा सीमा सुरक्षा बलहरू बीच समन्वय समावेश छ। श्री शाहले आज नयाँ दिल्लीमा उच्चस्तरीय जम्मू कश्मीर सुरक्षा समीक्षा बैठकको अध्यक्षता गर्नुभयो। आजको बैठक भारतीय सेना र जम्मू कश्मीर पुलिससँग हालै भएका उच्चस्तरीय बैठकहरूको निरन्तरतामा आयोजना गरिएको थियो। यसमा केन्द्रीय गृह सचिव, आईबीका निर्देशक, केन्द्रीय रिजर्भ पुलिस बल र सीमा सुरक्षा बलका महानिर्देशकहरू र अन्य वरिष्ठ अधिकारीहरू उपस्थित थिए। बैठकमा गृहमन्त्रीले सबै सुरक्षा एजेन्सीहरूलाई सतर्क रहन र जम्मू कश्मीरमा आतंकवादलाई जरैदेखि उखेल्न राम्रो समन्वयमा काम गर्न निर्देशन दिनु भयो। गृहमन्त्रीले जम्मू कश्मीरमा शून्य आतंकवाद योजनाको लागि दृढ कदम चालिएको बताउन भयो।

****** ० ******

**जयशंकर-सीईओ फोरम**

१४ औं भारत-फ्रान्स सीईओ बैठकमा, विदेश मन्त्री डा. एस. जयशंकरले डिजिटल युगमा विश्वास र पारदर्शिताको महत्त्वमा जोड दिनु भयो। उहाँले भारत र फ्रान्सबीच साझा मूल्यमान्यताको लागि पनि आह्वान गर्नुभयो । पेरिसमा भएको एआई शिखर सम्मेलन बाहेक, उहाँले कृत्रिम बुद्धिमत्ता, सफ्टवेयर विकास र साइबर सुरक्षामा सहयोगको विशाल सम्भावनालाई पनि उल्लेख गर्नुभयो। डा. जयशंकरले २०२६ लाई भारत-फ्रान्स नवप्रवर्तन वर्षको रूपमा तोकिएको बताउनु भयो। उहाँले न्यूनतम पूर्वाग्रहका साथ एआई विकासलाई आकार दिन बहुध्रुवीय संसारको आवश्यकताको बोध गर्नुहुदै दुई राष्ट्रहरू बीच विविध उत्पादन, लचिलो आपूर्ति शृङ्खला र गहिरो व्यावसायिक सहयोगको महत्त्वमा पनि जोड दिनु भयो। उहाँले विश्व नेताहरूलाई भारतको स्वतन्त्र व्यापार सम्झौता वार्तालाई विचार गर्न आग्रह गर्नुभयो। डा. एस. जयशंकरले भन्नुभयो भारत र फ्रान्सबीचको द्विपक्षीय सम्बन्धको परिपक्वताका कारण व्यापारको भूमिका विस्तार हुँदैछ। डा. जयशंकरले भारत र फ्रान्स स्वतन्त्र विचारधाराको परम्परा भएका दुई राष्ट्र भएको बताउनु भयो।

****** ० ******

**वैष्णव-सेमी कंडक्टर**

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले लैम  रिसर्चले भारतमा १०,००० करोड रुपैयाँभन्दा बढीको ठूलो लगानीको घोषणा गरेको जानकारी डूनु भएको छ। सामाजिक सञ्जाल पोस्टमा, श्री वैष्णवले यसलाई भारतको सेमी कंडक्टर यात्रामा अर्को महत्त्वपूर्ण घटनाको रूपमा वर्णन गर्नुभयो । उहाँले भन्नुभयो यसले प्रधानमन्त्री नरेन्द्र मोदीको सेमी कंडक्टर भविष्यको दृष्टिकोणमा विश्वासलाई पुन: पुष्टि गर्दछ। लैम रिसर्च कर्पोरेशन एक प्रसिद्ध अमेरिकी कम्पनी हो जसले सेमी कंडक्टर उद्योगसँग सम्बन्धित सेवाहरू प्रदान गर्दछ। सेमी कंडक्टरहरूले विद्युतीय धाराहरूलाई नियन्त्रण गर्छन्, जसले गर्दा तिनीहरू धेरैजसो आधुनिक इलेक्ट्रोनिक्सको एक आवश्यक घटक बन्छन्।

****** ० ******

**मांडवीय-साइकल निर्माता**

युवा मामिला तथा खेलकुद मन्त्री मनसुख मांडवियाले आज प्रमुख साइकल निर्माताहरूलाई सबै उमेर समूहहरूमा साइकल चलाउने प्रवर्द्धनलाई प्रोत्साहन गर्न आग्रह गर्नु भयो। डा. मांडवियाले प्रमुख साइकल निर्माताहरूसँगको बैठकमा यस्ता प्रोत्साहनहरूले स्वाभाविक रूपमा मानिसहरूलाई साइकल चलाउन प्रेरित गर्ने कुरामा जोड दिनु भयो। डा. मांडवियाले साइकल चलाउँदा देशको कार्बन उत्सर्जनमा उल्लेखनीय कमी आउन सक्ने बताउनु भयो। बैठकमा व्यवसायिक प्रतिनिधिहरूले 'सन्डे अन साइकल' पहललाई समर्थन गर्ने प्रतिबद्धता व्यक्त गरे। बैठक साइकल चलाउने प्रवर्द्धन गर्ने र फिट इन्डिया, 'सन्डे अन साइकल पहलको गतिलाई अझ बढाउने कुरामा केन्द्रित थियो।

****** ० ******

**प्रधानमन्त्री - जे.डी. भान्स**

प्रधानमन्त्री नरेन्द्र मोदीले पेरिसमा अमेरिकी उपराष्ट्रपति जेडी भान्स र उनको परिवारलाई भेट गर्नु भयो। श्री मोदीले सामाजिक सञ्जाल पोस्टमा भनुभयो श्री भान्ससँग विभिन्न मुद्दाहरूमा छलफल भयो। प्रधानमन्त्रीले श्री भान्सको परिवारसँग उनको छोराको जन्मदिन मनाउन पाउँदा खुशी व्यक्त गर्नुभयो।

****** ० ******

**महाकुम्भ - माघी पूर्णिमा**

प्रयागराजमा आज महाकुम्भ स्नान भइरहेको छ। यो स्नानको विशेष महत्व छ किनकि यो कल्पवासको विशेष अनुष्ठानको समापनको प्रतीक हो। यस वर्ष १० लाखभन्दा बढी कल्पवासीहरूले यसमा भाग लिनेछन्। महाकुम्भमा कल्पवासलाई विशेष फलदायी मानिन्छ। माघ पूर्णिमासम्म प्रयागराजको संगम किनारमा कल्पवास गर्नाले हजार वर्षको तपस्याको फल प्राप्त हुने विश्वास गरिन्छ। यस अवसरमा उत्तर प्रदेश सरकारले विशेष ट्राफिक व्यवस्थाका साथै कडा सुरक्षा व्यवस्था पनि गरेको छ। विश्वको सबैभन्दा ठूलो धार्मिक जमघट - महाकुम्भ मेला १३ जनवरीबाट सुरु भयो। अहिलेसम्म ४६ करोडभन्दा बढी भक्तजनहरूले पवित्र संगममा स्नान गरेर आस्थाको डुबकी लगाइसकेका छन्।

****** ० ******

**आईआईएएस-डीएआरपीजी**

केन्द्रीय कर्मचारी, सार्वजनिक गुनासो तथा पेन्सन राज्यमन्त्री डा. जितेन्द्र सिंहले हिज नयाँ दिल्लीमा IIAS-DARPG भारत सम्मेलन २०२५ को औपचारिक उद्घाटन गर्नुभयो। डा. सिंहले भन्नुभयो भारतले पहिलो पटक यो सम्मेलन आयोजना गर्नु गर्वको क्षण हो। देशको तीव्र आर्थिक वृद्धिलाई उल्लेख गर्दै उहाँले एनडीए सरकार अन्तर्गत गरिएका अधिकांश सुधारहरू केवल शासन सुधार मात्र नभई ठूलो सामाजिक-आर्थिक प्रभाव पनि पार्छन्। यस वर्षको सम्मेलनको विषयवस्तु अर्को पुस्ताको शासन सुधार - सबै मानिसहरूसम्म पुग्ने रहेको छ। भारतले पहिलो पटक सार्वजनिक प्रशासन सम्बन्धी IIAS सम्मेलन आयोजना गर्दैछ। यससँगै भारत यो सम्मेलन आयोजना गर्ने दक्षिण एसियाको पहिलो देश बनेको छ।

****** ० ******

**महाराष्ट्र-शहीद**

महाराष्ट्रको गडचिरौली जिल्लाको जंगलमा हिज नक्सलीहरूसँगको भिडन्तमा एक सैनिक शहीद भएका छन्। मुठभेडको क्रममा पुलिसले नक्सलवादी शिविर ध्वस्त पारेको थियो भने नक्सली सामग्री जफत गरेको थियो।

**च्याम्पियन्स ट्रफी - बुमराह**

ढाडको चोटका कारण तेज गतिका बलर जसप्रीत बुमराहलाई आईसीसी च्याम्पियन्स ट्रफीका लागि भारतीय क्रिकेट टोलीमा समावेश गरिएको छैन। भारतीय क्रिकेट नियन्त्रण बोर्ड (BCCI) ले हिजो राति बुमराहको स्थानमा हर्षित राणालाई टोलीमा समावेश गरिएको बताएको छ। इङ्ग्ल्याण्डसँगको जारी एकदिवसीय क्रिकेट शृङ्खलामा राणाले दुई खेलमा चार विकेट लिएका छन्। यशस्वी जयस्वालको स्थानमा स्पिनर वरुण चक्रवर्तीलाई टोलीमा स्थान दिइएको छ। यशस्वी जयस्वाल, मोहम्मद सिराज र शिवम दुबेलाई विकल्पको रूपमा राखिएको छ र आवश्यक परेमा दुबई जानेछन्। रोहित शर्माको नेतृत्वमा रहेको भारतीय टोलीले फेब्रुअरी २० मा बंगलादेश विरुद्धको खेलबाट च्याम्पियन्स ट्रफी अभियान सुरु गर्नेछ। फेब्रुअरी २३ मा भारतले आफ्नो चिरप्रतिद्वन्द्वी पाकिस्तानको सामना गर्नेछ। भारतले समूह ए को आफ्नो अन्तिम खेल मार्च २ मा न्युजिल्याण्डसँग खेल्नेछ।

****** ० ******

**इजरायल-हमास-युद्धविराम**

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले यदि हमासले शनिबार दिउँसोसम्म इजरायली बन्धकहरूलाई रिहा नगरे गाजा युद्धविराम समाप्त हुने चेतावनी दिनु भएको छ। हमासले पहिले भनेको थियो कि इजरायली युद्धविराम उल्लङ्घन एउटा यस्तो बिन्दुमा पुगेको छ जहाँ यो अब वार्ता गर्न सक्षम हुने छैन र इजरायली बन्धक समूहको आगामी रिहाई अनिश्चितकालका लागि स्थगित गर्नेछ। प्रधानमन्त्री नेतान्याहूले भन्नुभयो इजरायली सेना हमासलाई पूर्ण रूपमा पराजित गर्न फेरि एक पटक भयंकर युद्धको लागि तयार छ।अमेरिका, कतार र इजिप्टको मध्यस्थतामा महिनौंसम्म चलेको वार्तापछि जनवरी १९ मा गाजामा युद्धविराम सम्झौता सुरु भएको थियो। तीन चरणको युद्धविराम सम्झौताको पहिलो चरण हाल चलिरहेको छ र यो ४२ दिनसम्म रहनेछ। पहिलो चरणमा अझै १७ इजरायली बन्धकहरूलाई रिहा गर्न बाँकी छ।

****** ० ******

****** ० ******

****** ० ******

****** ० ******